# योजना तथा कार्यक्रम संचालन कार्यविधि, २०७७

प्रदेश सरकार

## उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

प्रदेश नं. १

बिराटनगर, नेपाल

प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय प्रदेश नं. १ विराटनगर (नेपाल)

प्रमुख सचिव

## योजना तथा कार्यक्रम संचालन कार्यविधि, २०७७

प्रस्तावनाः प्रदेश नं. १ को उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको क्षेत्राधिकार अन्तर्गतको उद्योग, लघु उद्यम, वन, वातावरण, पर्यटन, व्यापार, विज्ञान प्रविधि लगायतका क्षेत्रमा प्रत्येक आर्थिक वर्षको स्वीकृत विनियोजित बजेटबाट योजना तथा कार्यक्रम संचालन गर्न कार्यविधि वनाई लागू गर्न वाञ्छनीय भएकोले,

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३(१) ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

### परिच्छेद -१

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "**योजना तथा कार्यक्रम संचालन कार्यविधि, २०७७**" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "**आयोजना**" भन्नाले मन्त्रालयको स्वीकृत कार्यक्रम कार्यान्वयन गर्न प्रदेश सरकारको निर्णय वमोजिम स्थापना गरिएको आयोजना सम्झनुपर्छ ।

(ख) "**कार्यक्रम**" भन्नाले प्रत्येक आर्थिक वर्षको विनियोजन ऐन बमोजिम मन्त्रालयका लागि विभिन्न शीर्षकमा खर्च गर्ने गरी सञ्चालन गरिने योजना तथा कार्यक्रम सम्झनुपर्छ ।

(ग) "**कार्यक्रम संचालक**" भन्नाले प्रत्येक आर्थिक वर्षको विनियोजन ऐन बमोजिम यस मन्त्रालयको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गतको कार्यक्रम संचालन गर्ने महाशाखा, निर्देशनालय, अनुसन्धान तथा प्रशिक्षण केन्द्र, कार्यालय, आयोजना तथा कार्यान्वयन इकाई अन्तर्गतका कर्मचारी, कार्यक्रम संचालन गर्ने उपभोक्ता समूह/समिति, संघ संस्था तथा योजना तथा कार्यक्रम सम्पन्न गर्न गठित अन्य समितिलाई सम्झनुपर्छ ।

(घ) "**कार्यान्वयन इकाई**" भन्नाले मन्त्रालयको स्वीकृत कार्यक्रम अन्तर्गतको कार्यक्रम संचालन गर्न प्रदेश सरकारको निर्णय बमोजिम स्थापित कार्यान्वयन इकाईलाई सम्झनुपर्छ ।

(ङ) "**क्रियाकलाप**" भन्नाले स्वीकृत कार्यक्रम अन्तरगतको क्रियाकलापलाई सम्झनुपर्छ ।

(च) "**निर्देशक समिति**" भन्नाले दफा ८ बमोजिमको निर्देशक समितिलाई सम्झनुपर्छ ।

(छ) "**प्रदेश सरकार**" भन्नाले प्रदेश नं. १ को मन्त्रिपरिषद्लाई सम्झनुपर्छ ।

(ज) "**मन्त्रालय**" भन्नाले प्रदेश नं. १ को उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई सम्झनुपर्छ ।

(झ) "**विभागिय मन्त्री**" भन्नाले प्रदेश सरकारको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रीलाई सम्झनुपर्छ ।

(ञ) "**लाभग्राही**" भन्नाले कार्यक्रम मार्फत प्रत्यक्ष वा परोक्ष रुपमा लाभ प्राप्त गर्ने जनसंख्यालाई सम्झनुपर्छ ।



सञ्जीव कुमार राई
सचिव

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश नं. १
विराटनगर (नेपाल)

प्रमुख सचिव

(ट) **"सरोकारवाला"** भन्नाले मन्त्रालय, आयोजना तथा कार्यान्वयन इकाईको कार्यक्रम कार्यान्वयनसंग प्रत्यक्ष वा परोक्ष रुपमा सम्बन्धित कार्यालय, स्थानीय तह, उपभोक्ता समिति/समूह, व्यक्ति, पदाधिकारी र संघ संस्थालाई सम्झनुपर्छ ।

(ठ) **"समिति"** भन्नाले दफा ५(४) बमोजिमको छनौट समितिलाई सम्झनुपर्छ ।

(ड) **"सचिव"** भन्नाले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको सचिवलाई सम्झनुपर्छ ।

(ढ) **"स्थानीय तह"** भन्नाले नेपालको संविधान बमोजिम गठित गाँउपालिका, नगरपालिका, उपमहानगरपालिका, महानगरपालिकालाई सम्झनुपर्छ र सो शब्दले जिल्ला समन्वय समिति समेतलाई जनाउँछ ।

३. **कार्यक्रमको उद्देश्यः** (१) मन्त्रालय अन्तर्गत यस कार्यविधि अनुसार संचालन गरिने कार्यक्रमको उद्देश्य देहाय अनुसार हुनेछः-

(क) मन्त्रालय अन्तर्गत सञ्चालन हुने कार्यक्रमलाई प्रभावकारी, व्यवहारिक एवं परिणाममुखी बनाउने ।

(ख) कार्यक्रम सञ्चालनको प्रकृया निर्धारण गर्ने ।

(ग) कार्यक्रम सञ्चालन पारदर्शी एवं जिम्मेवार ढंगले सञ्चालन गर्ने र निर्धारित उद्देश्य हासिल गर्ने ।

(घ) कार्यक्रम सञ्चालनबाट जनताको आर्थिक, सामाजिक र सांस्कृतिक, पर्यावरणीय क्षेत्रमा सकारात्मक परिवर्तनको अनुभति गराउँदै उपर्युक्त प्रतिफल प्राप्त गर्ने ।

(ङ) रोजगारी सृजना, उत्पादन बृद्धि, गरिवी न्युनिकरणका साथै सामाजिक र आर्थिक असन्तुलन कम गर्ने ।

(च) दिगो विकासका सिद्धान्त बमोजिम कार्यक्रम संचालन गर्ने ।

(छ) प्रचलित कानून बमोजिम कार्यक्रम सञ्चालन गर्ने ।

४. **कार्यक्रमले समेटेका क्षेत्र** : प्रदेश सरकारको प्रत्येक आर्थिक वर्षको विनियोजन ऐन बमोजिम मन्त्रालय मार्फत तोकिएको रकमबाट खर्च हुने गरी देहाय बमोजिम कार्यक्रमको कार्यक्षेत्र हुनेछः

(क) औद्योगिक क्षेत्रको विकास र विस्तारद्वारा आर्थिक वृद्धि हुने तथा रोजगारी सिर्जना मार्फत नागरिकको जीवनस्तर सुधार गर्ने खालका कार्यक्रम ।

(ख) धार्मिक, सांस्कृतिक, कृषि, साहसिक पर्यटनका क्षेत्रमा पर्यटकीय गतिविधिको विकास तथा प्रवर्द्धन गर्ने खालका पर्यटकीय भौतिक पूर्वाधार निर्माण लगायतका अन्य विविध कार्यक्रम ।

(ग) समुदायमा आधारित पर्यापर्यटन विकास तथा प्रवर्द्धन गर्ने खालका कार्यक्रम ।

(घ) वन, वनस्पति, जडीबुटी, वन्यजन्तु, जैविक विविधता र जलाधारको समुचित संरक्षण, संवर्द्धन, व्यवस्थापन र सदुपयोगद्वारा पारिस्थितिकीय प्रणाली (Eco-System) बीच सन्तुलन कायम गर्ने खालका कार्यक्रम ।

(ङ) वाणिज्य क्षेत्रको विकास र विस्तारद्वारा निर्यात पवर्द्धन गरी प्रदेशको अर्थतन्त्रलाई मजबुत पार्ने खालका कार्यक्रम ।



सञ्जीव कुमार राई
सचिव

(च) उपभोक्ताको हक हितको संरक्षणका लागि सञ्चालन गरिने चेतनामूलक कार्यक्रम ।

(छ) प्रदेश सरकारद्वारा व्यवस्थित वन तथा समुदायमा आधारित वन व्यवस्थापनको लागि वन क्षेत्रको संरक्षण र व्यवस्थापन तथा समुदायको सामाजिक, आर्थिक विकासमा सहयोग पुऱ्याउने खालका कार्यक्रम ।

(ज) वातावरणमैत्री र जलवायु परिवर्तनसँग अनुकूलित हुने गरी सञ्चालन गरिने विकासका कार्यक्रम।

(झ) विज्ञान र प्रविधिको विकास र विस्तार गरी सामाजिक, आर्थिक, भौतिक र वातावरणीय दिगो विकासका पक्षसँग आबद्ध गरी अध्ययन, अनुसन्धान तथा शैक्षिक गुणस्तर कायम गर्ने खालका कार्यक्रम ।

(ञ) रोजगारमूलक प्रशिक्षण र तालिम एवं सीप विकास गर्ने तथा गरिवी न्यूनिकरण गर्ने खालका कार्यक्रम ।

(ट) उद्योग, वाणिज्य, आपूर्ति, वन, वातावरण र विज्ञान प्रविधिको क्षेत्रको समयानुकूल अध्ययन, अनुसन्धान गर्ने खालका कार्यक्रम ।

(ठ) सरकारद्वारा व्यवस्थित वन, सामुदायिक वन, साझेदारी वन, धार्मिक वन, कबुलियती वन, निजी वन र वन संरक्षण क्षेत्रको विकास, विस्तार तथा प्रवर्द्धन लगायतका कार्यक्रम ।

(ड) आर्थिक, सामाजिक सशक्तिकरण, महिला, दलित, अपाङ्ग, पिछडिएका एवं सीमान्तकृत समूदायको उत्थान र सशक्तिकरण कार्यक्रम ।

(ढ) उद्योग, वाणिज्य, आपूर्ति, वन, वातावरण, विज्ञान प्रविधिका क्षेत्रमा टेवा पुग्ने किसिमका मेला, प्रदर्शनी, सम्मेलनका कार्यक्रम ।

(ण) निजी कृषकका लागि विरुवा संरक्षण, नर्सरी निर्माण लगायतका कार्यक्रम ।

(त) प्रदेश सरकारबाट स्वीकृत भई कार्यान्वयन गरिने अन्य कार्यक्रम ।

(थ) संघीय सरकारबाट स्वीकृत भई कार्यान्वयनका निम्ति सशर्त अनुदानको रुपमा प्राप्त कार्यक्रम।

## परिच्छेद - २

## कार्यक्रमको छनौट र कार्यान्वयन सम्वन्धी व्यवस्था

५. कार्यक्रम छनौटका आधार र मापदण्डः (१) कार्यक्रम छनौटको आधार र मापदण्ड देहाय बमोजिम हुनेछ ।

(क) प्राथमिकताका आधारमा प्रदेश सरकारको आवधिक योजनामा उल्लेखित क्रियाकलाप बमोजिमका कार्यक्रम।

(ख) विषयगत मन्त्रालय र मातहतका कार्यालयबाट माग तथा सिफारिस भई आएका।

(ग) स्थानीय तहबाट माग र सिफारिस भएर आएका ।